नेपाल सरकार

फो.नं.

सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

४२०००००

आर्थिक प्रशासन शाखा

४२००४६०

४२००२८७

सिंहदरबार काठमाण्डौं

प.सं. २०७२।७३
च.नं.१.१.३/६१८

मितिः- २०७३।०२।१०

विषयः- खर्चको नर्म्सको पालन सम्बन्धमा ।

श्री स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग,
श्री केन्द्रीय पन्जीकरण विभाग,
श्री सबै जिल्ला विकास समितिका कार्यालयहरु (सबै),
श्री आयोग तथा समिति (सबै),
श्री महानगरपालिका उपमहानगरपालिकाहरु नगरपालिका कार्यालयहरु (सबै),
श्री आयोजना/कार्यक्रमहरु (सबै) ।

प्रस्तुत विषयमा यस मन्त्रालय अन्तर्गत सञ्चालित सुनौला हजार दिन कार्यक्रम सँग समबन्धित बजेट उप.शि.नं. ३६५८३८३ चालू खर्च तर्फ आ.व. ०७१।७२ मा आन्तरिक श्रोत व्यक्तिको पारिश्रमिक प्रदान गर्दा प्रति कक्षा रु.२५००।- को दरले १५% पारिश्रमिक कर कट्टी गरी बाँकी रकम भुक्तानी दिने लिने भएकोमा सोही आ.व. को श्रेस्ता म.ले.प. बाट अन्तिम ले.प. गर्ने क्रममा अर्थ मन्त्रालयको Norms भन्दा बढी खर्च लेखेको भनी बेरुजु कायम भएको थियो । सो सन्दर्भमा यस मन्त्रालयले म.ले.प.को प्रारम्भिक प्रतिवेदनको सुझावका आधारमा उक्त रकम सम्बन्धित व्यक्तिहरुबाट असुल उपर गरी बेरुजु राजश्व खातामा दाखिला गरी अब आइन्दा जुन सुकै खरिद प्रक्रिया र जुनसुकै श्रोतबाट खर्च लेख्ने भएतापनि खर्चमा एकरुपता ल्याई बेरुजुलाई सक भर आउनै नदिने तथा न्यून गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ । साथै चालु आ.व. मा अर्थ मन्त्रालयको नर्म्स अनुसार नै खर्च लेख्ने व्यवस्था समेत मिलाएको छ । यसर्थ, यस मन्त्रालय र अन्तर्गतका सबै निकायहरुले सबै प्रकारका श्रोतबाट खर्च लेख्दा उक्त अनुसार नर्म्सको पालना गर्नु हुन अनुरोध छ । यसको प्रतिकुल हुने गरी (नर्म्स विपरीत खर्च लेखी) चालु आ.व. को खर्चमा बेरुजु कायम हुन गएको देखिएमा खर्च लेख्ने पदाधिकारी स्वंय जिम्मेवार हुनुपर्ने व्यहोरा समेत अनुरोध छ।

सुवास चन्द्र शिवाकोटी
उप सचिव (लेखा)

**बोधार्थः-**

श्री महालेखापरीक्षकको कार्यालय,
स्थानीय विकास तथा सङघिय मामिला तथा स्थानीय विकास निर्दशानालय,
हालः- पूल्चोक, ललितपुरः- सबै तिर नर्म्स पालनको एकरुपताका लागि मन्त्रालयको प्रयास गरेको हुँदा सोही अनुसार आगामी दिनहरुमा सहयोगको अपेक्षा गरिएको व्यहोरा अनुरोध छ ।
श्री सूचना तथा विद्युतीय शासन शाखाः website मा राखिदिनु हुन ।